नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)
सिंहदरबार काठमाण्डौ

पत्र संख्या २०७६/०७७
चलानी नं ३१

मिति २०७६।०८।०६

विषय: निर्देशन सम्वन्धमा।

श्री राष्ट्रिय किताबखाना (निजामती),
पुल्चोक, ललितपुर ।

तहाँको च.नं. २०३, मिति २०७६।०७।०९ को पत्रबाट निर्देशन माग भई आएको बिषयका सम्वन्धमा संघीय निजामती सेवा ऐन वा तत्सम्वन्धी कानून नबनेसम्मको लागि देहायवमोजिम गर्ने गरी नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७६।८।०५ को निर्णयानुसार अनुरोध छ ।

(क) प्रदेश र स्थानीय तहमा समायोजन भएका स्थायी कर्मचारी तथा प्रदेश र स्थानीय तहको लागि लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति हुने कर्मचारीको अभिलेख राष्ट्रिय किताबखाना (निजामती) ले राख्ने व्यवस्था मिलाउने ।

(ख) बुदाँ नं. (क) वमोजिमका कर्मचारीहरुको सिटरोल दर्ता गरी राख्ने व्यवस्था राष्ट्रिय कितावखाना (निजामती) ले गर्ने ।

(ग) बुदाँ नं. (क) वमोजिमका कर्मचारीहरुको सम्पत्ति विवरण राष्ट्रिय कितावखाना (निजामती) ले राख्ने व्यवस्था मिलाउने ।

( राम बन्धु शर्मा)
शाखा अधिकृत